च.नं.: ०१/२०२१ मिति : १५ जुन, २०२१

# नवौ राष्ट्रिय महाधिबेशन कार्यसमिति चयन समिति २०२१

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको नवौ राष्ट्रिय महाधिबेशनका लागि मिति ०९ जुलाई २०२१ का दिन हुन गईरहेको कार्यसमिति चयन प्रक्रिया सम्पन्न गर्न गत २३ अप्रिल २०२१ मा सम्पन्न अन्तिम तथा तेश्रो राष्ट्रिय परिषद् भेलाद्धारा गठित कार्य समिति चयन समितिलाई राष्ट्रिय समन्वय परिषद् कतारले २०२१-२०२३ कार्यकालको लागि पञ्जिकृत सदस्यको आव्हान गरि अन्तिम नामावली समेत प्रकाशित गरि बिवरण उपलब्ध गराईसकेको अवस्थामा यस समितिले मिति ०९ जुलाई २०२१ मा २०२१-२०२३ कार्यसमिति चयन प्रक्रिया सम्पन्न गरि सक्नु पर्ने भएकोले आफ्नो जिम्मेवारी बहन गर्दै कार्यसमिति चयन सम्बन्धि कार्यतालिका जानकारीका लागि जारी गरिएको छ ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको नवौ राष्ट्रिय महाधिबेशनलाई समयावधीमा नै सफलताका साथ सम्पन्न गर्नका लागि सम्पूर्ण पञ्जिकृत सदस्यहरुमा सहभागिताका लागि हार्दिक आव्हान सहित अनुरोध गर्दछौं । यस कार्यका लागि निम्न बमोजिमको कार्यतालिका र एनसीसी कतारको बिधानमा रहि नियम र एनआरएनको अधिबेसन नियमावलीलाई पालना गरि तोकिएको समय भित्र आफ्नो ईच्छा भएको पदमा मनोनयन दर्ता गरि कार्यसमिति चयन प्रक्रियामा सहभागि हुन हार्दिक अनुरोध गर्दछौं ।

## कार्यतालिका

| सि.नं. | बिवरण | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | मनोनयन दर्ता | १८ जुन, २०२१ | बिहान १०:०० बजे देखि बेलुका ०७:०० बजे सम्म | **Email : rameshbhattaa@gmail.com**<br>**What's App : 77990233** |
| २ | मनोनयन दर्ता भएको नामावलीको प्रारम्भिक प्रकाशन | १९ जुन, २०२१ | बेलुका १०:०० बजे सम्म | एनआरएनए एनसीसी कतारको बेभसाईट www.nrnaqatar.org र एनसीसी कतारको फेसबुक पेज तथा अनलाईन मिडियाहरु मार्फत |
| ३ | मनोनयन दर्ता माथि दाबी बिरोध | २० जुन, २०२१ | बेलुका ०७:०० बजे सम्म | **Email : rameshbhattaa@gmail.com**<br>**What's App : 77990233** |
| ४ | मनोनयन दर्ता माथि दाबी बिरोध पछिको नामावली प्रकाशन | २१ जुन, २०२१ | बेलुका १०:०० बजे सम्म | एनआरएनए एनसीसी कतारको बेभसाईट www.nrnaqatar.org र एनसीसी कतारको फेसबुक पेज |
| ५ | मनोनयन फिर्ता | २२ देखी २५ जुन, २०२१ | बेलुका ७:०० बजे सम्म | **Email : rameshbhattaa@gmail.com**<br>**What's App : 77990233** |
| ६ | मनोनयन दर्ताको अन्तिम नामावली प्रकाशन | २६ जुन, २०२१ | बेलुका ७:०० बजे | एनआरएनए एनसीसी कतारको बेभसाईट www.nrnaqatar.org र एनसीसी कतारको फेसबुक पेज |
| ७ | कार्यसमिति पदाधिकारी, सदस्यहरु, आइसीसी सदस्यहरु र दशौं केन्द्रिय महाधिबेशन प्रतिनिधी २०२१–२०२३ को चयन | ०९ र १० जुलाई, २०२१ | ९ जुलाई बिहान ६:०० बजे देखि १० जुलाई दिउसो १:०० बजे सम्म | |
| ८ | परिणाम घोषणा र प्रमाणपत्र बितरण | १०/११ जुलाई, २०२१ | मत परिणाम प्राप्त भए पछि | |
| ९ | नव निर्वाचित कार्यसमितिको शपथ ग्रहण | १६ जुलाई, २०२१ | | राष्ट्रिय_महाधिबेशन हल |

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको बिधान २००३ (दशौं संसोधन) र गैरआवासीय नेपाली संघ राष्ट्रिय महाधिबेशन संचालन सम्बन्धि नियमावली २०२१ लाई आधार मानी गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको २०२१-२०२३ कार्यकालका पञ्जिकृत सदस्यहरुले आफ्नो ईच्छा भएको पदमा मनोनयन दिन चाहाने सदस्यहरुले पालना गर्नुपर्ने नियमहरु निम्नानुसार रहको छ ।

१) गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको बिधानमा उल्लेखित पदहरुमा मनोनयन दर्ता गराउनका लागि पञ्जिकृत सदस्यहरुको योग्यता निम्नानुसार रहेको छ ।

क) आईसीसी सदस्य पदमा मनोनयन दर्ता गर्न निज राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको वा कम्तिमा एक पटक अन्तराष्ट्रिय महाधिबेशन प्रतिनिधी भएको हुनुपर्नेछ ।

ख) अध्यक्ष पदमा मनोनयन दर्ता गर्न निज अन्तराष्ट्रिय वा राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ ।

ग) प्रथम उपाध्यक्ष र महाचिब पदमा मनोनयन दर्ता गर्न निज राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा एनआरएनएले सम्बन्धित कार्यकालको लागि गठन गरिएका समिति वा उप-समितिको पदमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ । एक कार्यकाल भन्नाले कम्तिमा एक बर्ष पुरा भएको हुनुपर्नेछ ।

घ) अन्य पदाधिकारीहरुको हकमा कम्तिमा एक कार्यकाल (२००३ देखि २०२१) पञ्जिकृत सदस्य भएको हुनुपर्नेछ ।

ङ) सदस्य पदका लागि पञ्जिकृत सदस्यले आबेदन दिन सकिनेछ ।

च) अन्तराष्ट्रिय महाधिबेशन प्रतिनिधीका छनौटका लागि पञ्जिकृत सदस्यले आबेदन दिन सकिनेछ । यस अन्तर्गत अन्तराष्ट्रिय समन्वय परिषद्ले व्यवस्था गरे बमोजिम दशौं अन्तराष्ट्रिय महाधिबेशनको प्रतिनिधी चयन हुनेछ ।

छ) युवा संयोजक पदमा मनोनयन दिनका लागि पञ्जिकृत सदस्यको उमेर कार्यसमिति छनौट मिति सम्ममा ४० बर्ष ननाघेको हुन पर्नेछ । यदि सो मितिमा निजको उमेर ४० नाघेको पाईएमा मनोनयन बदर हुनेछ ।

२) प्रत्येक पदमा मनोनयन दर्ता गर्दा पञ्जिकृत सदस्यहरुबाट १ जना प्रस्तावक र १ जना समर्थक आवश्यक पर्नेछ । १ जना पञ्जिकृत सदस्यले एक पदको लागि १ जनाका लागि मात्रै प्रस्तावक वा समर्थक रहन पाउनेछ । मनोनयनमा सहभागी पञ्जिकृत सदस्यहरुको प्रस्तावक र समर्थक दोहोरिएको पाईएमा पहिलो मनोनयन सदर गरि दर्ता भएको दोश्रो मनोनयन बदर गरिनेछ । पहिलो मनोनयन भन्नाले समय अनुसार पहिला दर्ता भएको बुझ्नु पर्नेछ ।

३) कुनै पनि पदमा मनोनयन दर्ता गराई सकेको पञ्जिकृत सदस्यले अर्को पदमा मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्यहरुको प्रस्तावक वा समर्थक बन्न पाइने छैन ।

४) आइसीसी सदस्यको संख्या अन्तराष्ट्रिय समन्वय परिषद्को मापदण्ड अनुसार ७ जना रहनेछ । एनसीसी कार्यसमितिको हकमा राष्ट्रिय समन्वय परिषद्, कतारको बिधानमा व्यवस्था भए बमोजिम निम्नानुसारको पद संख्या रहने छ ।

| सि.नं | पद | संख्या | मनोनयन शुल्क |
|---|---|---|---|
| १ | आईसीसी सदस्य | ७ | १०००.०० |
| २ | अध्यक्ष | १ | १०००.०० |
| ३ | प्रथम उपाध्यक्ष | १ | ७००.०० |
| ४ | द्धितिय उपाध्यक्ष | १ | ७००.०० |
| ५ | महिला उपाध्यक्ष | १ | ७००.०० |
| ६ | महासचिव | १ | ५००.०० |
| ७ | सचिव | २ | ३००.०० |
| ८ | कोषाध्यक्ष | १ | ३००.०० |
| ९ | सह-कोषाध्यक्ष | १ | ३००.०० |
| १० | महिला संयोजक | १ | ३००.०० |
| ११ | युवा संयोजक | १ | ३००.०० |

| | | | |
|---|---|---|---|
| १२ | सदस्य | १८ | १००.०० |
| १३ | लेखा समिति संयोजक | १ | ३००.०० |
| १४ | लेखा समिति सदस्य | २ | १००.०० |
| १५ | दशौं अन्तराष्ट्रिय महाधिबेशन प्रतिनिधी २०२१ | | ५०.०० |

५) बिधानतः आवस्यक पदका लागि तोकिएको संख्या भन्दा बढी पञ्जिकृत सदस्यहरुको मनोनयन दर्ता परेमा लोकतान्त्रिक पद्धतीबाट चयन गरिनेछ ।

६) मनोनयन दर्ता फाराम एनसीसी कतारको बेवसाईटमा उपलब्ध हुनेछ । मनोनयन दर्ता गर्न पञ्जिकृत सदस्य, प्रस्तावक र समर्थकको हस्ताक्षर सहित अनलाईन दर्ता गर्न सकिनेछ । तर मनोनयन शुल्क भुक्तानीको लागि कार्यसमिति चयन समिति संग तोकिएको समय सिमा भित्र सम्पर्क गर्न हुन अनुरोध गरिन्छ । तोकिएको समय सिमा भित्र सम्पर्कमा नआउने मनोनयन दर्ता गरेका आवेदकहरुको आबेदन स्वतः रद्ध भएको मानिनेछ ।

७) मनोनयन दर्ता गराउने पञ्जिकृत सदस्यले हालसालै खिचेको २ प्रति पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा फाराम दर्ता गर्दा वा मनोनयन शुल्क बुझाउदा उपलब्ध गराउनु पर्नेछ ।

८) माथि तोकिएका पदहरुमा मनोनयन गर्ने पञ्जिकृत सदस्यहरु कुनै पनि राजनैतिक, जातिय वा धार्मिक संगठनको कार्यकारी पदमा रहेको प्रमाणित भएमा मनोनयन स्वतः रद्ध हुनेछ ।

९) माथि तोकिएका पदहरुमा मनोनयन गर्ने पञ्जिकृत सदस्यहरु कुनै पनि राजनैतिक, जातिय, धार्मिक वा क्षेत्रिय प्यानल खडा गरि सामुहिक रुपमा दर्ता गर्न वा समुहगत प्रचार प्रसार गर्न पाईने छैन । यदि सो अनुसार भएको उजुरी परि प्रमाणित भएमा मनोनयन रद्ध मानिनेछ ।

१०) कार्यसमिति चयनको लागि मनोनयन दर्ता गरिसकेका पञ्जिकृत सदस्यहरुले सार्वजनिक स्थान, बिद्युतिय माध्यम, सामाजिक सञ्जाल, सार्वजनिक सभा समारोह वा पत्रपत्रिका लगायत संचार माध्यमहरु मार्फत एक अर्काको बिरुद्ध व्यक्तिगत टिका टिप्पणी वा गालीगलौज गर्न पाईने छैन । यस सम्बन्धि प्रमाण सहित उजुरी परेमा जारी आचार संहिताका आधारमा छानबिन गरीनेछ र छानबिनमा यस प्रकारको कार्यमा संलग्नता भएको पुष्टि भएमा मनोनयन रद्ध गरिनेछ ।

११) कार्यसमिति चयन प्रक्रियामा पञ्जिकृत सदस्यहरु माथि आर्थिक प्रलोभन पार्न वा डर, धाक, धम्कि वा त्रास देखाई प्रभावित पार्न खोजिएको प्रमाण सहित उजुरी परेमा जारी आचार संहिताका आधारमा छानबिन गरीनेछ र छानबिनमा यस प्रकारको कार्यमा संलग्नता भएको पुष्टि भएमा मनोनयन रद्ध गरिनेछ ।

१२) कार्यसमिति चयन प्रक्रियामा सम्बन्धित पदको मनोनयन खारेज भएमा वा तोकिएको समय अवधि भित्र मनोनयन फिर्ता नगरेमा दर्ता शुल्क फिर्ता हुने छैन ।

१३) मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्यहरुले गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदको राष्ट्रिय महाधिबेशन संचालन सम्बन्धि नियमावली २०२१ उलंघन गरेको पाईएमा अन्तराष्ट्रिय समन्वय परिषद संग समन्वय गरि कुनै पनि बेला मनोनयन खारेज गर्ने अधिकार कार्यसमिति चयन समितिमा रहनेछ ।

१४) कार्यसमिति चयन अवधिभर पञ्जिकृत सदस्यहरु र मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्यहरुले नेपाल सरकार र कतार सरकारको कानुन विपरित वा निषेधित गरिएको गैर कानुनी क्रियाकलाप गर्न, गराउन वा संलग्न हुन पाईने छैन । यस्तो क्रियाकलापमा स्वयं मनोनयन दर्ता गरेका पञ्जिकृत सदस्य दोषि पाईएमा मनोनयन रद्ध गरिनेछ ।

१५) कार्य समिति चयन प्रक्रियामा मतदानको विधि र प्रक्रियाका बारेमा पछि जानकारी गराईनेछ ।

१६) कार्य समिति चयन प्रक्रिया अन्तर्गत मत गणना र परिणाम घोषणाका लागि आवस्यक व्यवस्थाका बारेमा पछि जानकारी गराईनेछ ।

१७) गैर आवासीय नेपाली संघको बिधान २०२१, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतारको बिधान-२००३ (दशौं संसोधित बिधान), गैरआवासीय नेपाली संघ, राष्ट्रिय महाधिबेशन संचालन सम्बन्धि नियमावली २०२१, मनोनयन दर्ता फाराम, मनोनयन फिर्ता फाराम, दाबी बिरोध फाराम लगायत आवस्यक सुचना तथा जानकारी एनसीसी कतारको वेबसाईट www.nrnaqatar.org मा प्राप्त गर्न सकिनेछ ।

१८) कार्यसमिति चयन कार्यतालिका हेरफेर गर्न परेमा वा कार्य समिति चयन प्रक्रियामा अन्य आवस्यक निर्णयहरु गर्नु परेमा कार्यसमिति चयन समितिमा अधिकार निहित रहनेछ ।

सहयोगको अपेक्षा सहित ।

धन्यवाद

रमेश भट्ट
संयोजक : कार्यसमिति चयन समिति
नवौं राष्ट्रिय महाधिबेशन २०२१
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, कतार

# गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतार

## नवौ राष्ट्रिय महाधिबेशन कार्यसमिति चयन समिति २०२१

मिति : १८ जुन, २०२१

Photo

**श्रीमान् संयोजक ज्यू**
कार्यसमिति चयन समिति, नवौ राष्ट्रिय महाधिबेशन २०२१
गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतार

**बिषय : मनोनयन दर्ता सम्बन्धमा ।**

**प्रस्तुत सम्बन्धमा, म ..................................................,** गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतारको नवौ राष्ट्रिय महाधिबेशनबाट चयन हुन लागेको कार्यसमितिमा २०२१–२०२३ कार्यकालका लागि .................................................. पदमा मेरो मनोनयन दर्ता गराउदछु ।

| **निबेदक (उम्मेदवार) :** | आईसीसी सदस्य, एनसीसी अध्यक्ष र पदाधिकारीको पदहरुमा मनोनयन दिने पंञ्जिकृत सदस्यहरुले आफ्नो पदका लागि आवस्यक आईसीसी वा एनसीसीमा रहेर कार्यसम्पादन गरेका योग्यताको बिवरण अनिबार्य भर्नुपर्ने छ । |
|---|---|
| नाम : ................................................................ | १. कार्यसम्पादन गरेको कार्यकाल : ................................................ |
| पंञ्जिकृत सदस्यता नम्बर : ...................................... | २. पद : .................................................. (आईसीसी/एनसीसी) |
| जिल्ला : ......................., प्रदेश : .......................... | ३. समिति/उपसमिति : ................................ (आईसीसी/एनसीसी) |
| राहदानी नम्बर : .................................................. | ४. आईसीसी महाधिबेशन प्रतिनिधीको बर्ष : ...................................... |
| कतार आईडि नम्बर : ............................................ | ५. पुरानो पंञ्जिकृत सदस्य नम्बर : ............................................... |
| सम्पर्क नम्बर : ...................................................... | |
| ईमेल आईडि : ...................................................... | |
| हस्ताक्षर : ....................................... | |

माथी उल्लेखित पदमा मनोनयन दर्ता गर्नुहुने पंञ्जिकृत सदस्यलाई स्वेच्छाले प्रस्ताब/समर्थन गर्दछु ।

| **प्रस्ताबक :** | **समर्थक :** |
|---|---|
| नाम : ................................................................ | नाम : ................................................................ |
| पञ्जिकृत सदस्यता नम्बर : ...................................... | पञ्जिकृत सदस्यता नम्बर : ...................................... |
| सम्पर्क नम्बर : ...................................................... | सम्पर्क नम्बर : ...................................................... |
| ईमेल : ................................................................ | ईमेल : ................................................................ |
| हस्ताक्षर : .................................. | हस्ताक्षर : .................................................. |

### *कार्यसमिति चयन समितिको प्रयोजनका लागि*

१. शुल्क(करि) : ...................., रसिद नं. : ................, शुल्क बुझिलिने ब्यक्तिको हस्ताक्षर : ..............................

२. दर्ता नं.: .............., दर्ता गरको समय : ........................, दर्ता गर्ने ब्यक्तिको हस्ताक्षर : ...............................

३. रुजु गर्ने ब्यक्तिको नाम : ..............................................., हस्ताक्षर : ...............................................

४. प्रमाणिकरण गर्ने संयोजकको हस्ताक्षर : ..............................................

# गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतार

## नवौ राष्ट्रिय महाधिबेशन कार्यसमिति चयन समिति २०२१

मिति : १८ जुन, २०२१

**श्रीमान् संयोजक ज्यू**
कार्यसमिति चयन समिति, नवौ राष्ट्रिय महाधिबेशन २०२१
गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतार

Photo

**बिषय : मनोनयन दर्ता सम्बन्धमा ।**

**प्रस्तुत सम्बन्धमा, म** ................................................., गैरआवासीय नेपाल संघ, अन्तराष्ट्रिय समन्वय परिषद, कतारको दशौं केन्द्रिय महाधिबेशन प्रतिनिधी २०२१–२०२३ का लागि मेरो मनोनयन दर्ता गराउदछु ।

**निबेदक (उम्मेदवार) :**

नाम : ...................................................................
पंञ्जिकृत सदस्यता नम्बर : .........................................
जिल्ला : ................................................................. प्रदेश : .............................................................
राहदानी नम्बर : ...................................................
कतार आईडि नम्बर : ..............................................
सम्पर्क नम्बर : ......................................................
ईमेल आईडि : ...................................................... हस्ताक्षर : ........................................

माथी उल्लेखित प्रतिनिधीका लागि मनोनयन दर्ता गर्नुहुने पंञ्जिकृत सदस्यलाई स्वेच्छाले प्रस्ताब/समर्थन गर्दछु ।

| **प्रस्ताबक :** | **समर्थक :** |
|---|---|
| नाम : ................................................................... | नाम : ................................................................... |
| पञ्जिकृत सदस्यता नम्बर : ........................................ | पञ्जिकृत सदस्यता नम्बर : ........................................ |
| सम्पर्क नम्बर : ...................................................... | सम्पर्क नम्बर : ...................................................... |
| ईमेल : ............................................................... | ईमेल : ............................................................... |
| हस्ताक्षर : ............................................................ | हस्ताक्षर : ...................................................... |

***कार्यसमिति चयन समितिको प्रयोजनका लागि***

१. शुल्क(करि) : ...................., रसिद नं. : ................, शुल्क बुझिलिने व्यक्तिको हस्ताक्षर : ..............................

२. दर्ता नं.: ..............., दर्ता गरको समय : ........................, दर्ता गर्ने व्यक्तिको हस्ताक्षर : ................................

३. रुजु गर्ने व्यक्तिको नाम : .............................................., हस्ताक्षर : ..................................................

४. प्रमाणिकरण गर्ने संयोजकको हस्ताक्षर : ...............................................